REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 27.08.2025

---

राष्ट्रपति – प्रधानमन्त्री: गणेश चतुर्थी

राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीले आज गणेश चतुर्थीको पावन अवसरमा देशवासीहरूलाई शुभकामनाहरू दिनुभएकोछ। राष्ट्रपति मुर्मुले Social Media Post मा, यो पर्व, बढ़ि श्रद्धा अनि उत्साहका साथ मनाइन्छ भन्नुभएकोछ। भगवान गणेशको पूजा, ज्ञान र कल्याणको स्रोतको रूपमा गरिन्छ। उहाँले मानिसहरूसित पर्यावरण संरक्षण साथ यस पर्वलाई मनाउने अनि एक स्वच्छ, हरित तथा समृद्ध राष्ट्रको निर्माणमा योगदान दिने आग्रह गर्नुभयो।

प्रधानमन्त्री नरेन्द्र मोदीले पनि देशवासीहरूलाई गणेश चतुर्थीको शुभकामना दिँदै, भगवान गणेशले आफ्ना श्रद्धालुहरू माथि खुशी, शान्ति श्रद्धालुहरू माथि खुशी, शान्ति र उत्तम स्वास्थ्यको कृपा कायम राख्नुहुनेछ भनि प्रार्थना गर्नुभएकोछ।

---

गणेश चतुर्थी: मुख्यमन्त्री, राज्यपाल

मुख्यमन्त्री प्रेम सिंह तामाङ्ले गणेश चतुर्थीको शुभ अवसरमा सबैलाई हार्दिक शुभकामना टकरयाउनु भएकोछ।

उहाँले बुद्धि र समृद्धिका अग्रदूत, भगवान गणेशले हामी सबैलाई खुशी, सफलता र सकरात्मकताको आर्शीवाद दिउन भनि कामना गर्नुभएकोछ।

यस पर्वमा राज्यपाल ओम प्रकाश माथुरले पनि सिक्किमवासीलाई धनधान्य र समृद्धि लागि कामना गर्नुभएकोछ।

आज गान्तोक स्थित गणेश तकमा गणेश चतुर्थीको अवसरमा ठूलो भीड़ लागेको थियो भने राज्यका गणमान्य व्यक्ति लगायत मन्त्री अरूण उप्रेती र अन्य मन्त्रीगण तथा विधायकगणको पनि उपस्थित रहेको थियो।

---

## सोनाम लामा – सी आर पाटिल

धर्म मामिला मन्त्री सोनाम लामाले सिक्किमका लागि मुख्य Sewerage निकास परियोजनाहरूबारे छलफल गर्न नयाँ दिल्लीमा केन्द्रिय जल शक्ति मन्त्री श्री सि आर पाटीललाई भेटनु भयो । एजेन्डामा बुद्ध पार्क रहेको प्रमुख पर्यटकीय गन्तव्य राबोङको Sewerage निकास प्रणाली, मेल्लीको लागि Sewerage निकास सुविधा र चुङथाङ तथा मंडान Sewerage प्रणालीमा थप लागत सहायताका लागि केन्द्रिय सहयोग समावेश थियो।

केन्द्रिय मन्त्रीले समावेश थियो ।

केन्द्रिय मन्त्रीले यी मामिलाहरूको जाँच गर्ने अनि जति सक्दो सहयोग गर्ने आश्वासन दिनुभयो।

---

## आधार बायोमेट्रिक

आमा- बाबु अभिभावक तथा विद्यार्थीहरूलाई 5 देखि 7 वर्षको आयु देखि लिएर 15 देखि 17 वर्ष सम्मका उमेरका बाल – बालिकाको आधार संबधी आंकढ़ामा अनिवार्य biometric update पूरा गर्न आग्रह गरिएकोछ ।

यस प्रक्रियाको क्रममा बच्चाको फोटो, सबै दशवटा औंलाका छाप दुवै Iris हरा Scan गरिनेछ। अद्यावधिक biometric भएको आधारले स्कूल भर्ना, प्रवेश परीक्षाका लागि पंजीकरण, छात्रवृत्तिको लाभ लिने जस्ता सेवाहरू प्रप्त गर्न आधारको निबधि प्रयोगलाई सहज बनाउँछ।

आधारमा biometric update गर्न श्रोताहरूलाई नजिकैको आधार केन्द्रमा जाने अनुरोध गरिन्छ ।

---

## एस के एम खेल प्रकोष्ठ 29 अगस्त

मुख्यमन्त्री प्रेम सिंह तामाङको विशेष मार्ग – निर्देशनमा सिक्किम क्रान्तिकारी मोर्चा पार्टीको खेल प्रकोष्ठले राष्ट्रीय आगामी 29 अगस्तका दिन गान्तोकको पाल्जोर स्टेडियममा राष्ट्रिय खेल दिवस भव्यताका साथ पालन गर्ने भएकोछ । आज Tibet Road स्थित पार्टी मुख्यालयमा आयोजित पत्रकार सम्मेलनलाई सम्बोधित गर्दै खेल प्रकोष्ठका पद्दाधिकारीहरूले उक्त अवसरमा पचास जना खेल – आईकनहरूलाई अभिनन्दन जनाइने जानकारी गराए ।

पत्रकार सम्मेलनलाई सम्बोधित गर्दै मुख्यमन्त्रीका सल्लाहकार तथा पार्टीका कार्यवाहक अध्यक्ष कुङ्गा निमा लेप्चाले हकीका जादूगर ध्यानचन्द्रको स्मरणमा मनाइने राष्ट्रीय खेल दिवसको ऐतिहासिक महत्वबारे प्रकाश पारे।

यसैगरि खेल प्रकोष्ठका उपाध्यक्ष तथा विधायक तेन्जिङ नोर्बु लाम्थाले राष्ट्रीय खेल दिवसको 2019 मा SKM सरकार गढ़न भएपछी राज्यमा खेल क्षेत्रमा धेरै विकास भएर गएको उहाँले जानकारी गराउनुभयो।

---

## प्रयास योजना : सिक्किम

प्रयास योजना अन्तर्गत सिक्किममा पहिलो पटक 27 वर्ष सम्म समर्पणका साथ संस्थानको सेवा गरेका Holy Cross विद्यालयका वरिष्ठ रसायनशास्त्र शिक्षक चन्द्रशेखर P. D सिंहलाई उनको सेवानिवृत्तिका दिन पेन्शन भोक्तानी आदेश (PPO) प्रमाणपत्र प्रदान गरियो।

निधि आप के निकट 2. ओ को समयमा यो विशेष क्षण भयो जसले सेवाबाट पेन्शन सुरक्षामा सहज संक्रमण सुनिश्चित गरयो।

---

## वाइब्रेन्ट विलेज कार्यक्रम

नयाँ दिल्लीमा 25 र 26 अगस्त 2025 का दिन Vibrant Village कार्यक्रम बारे दुई दिवसीय एक कार्यशालाको आयोजना गरियो। गृह मामिला मन्त्रालय द्वारा आयोजित कार्यशालामा भारतका सीमान्त गाउँहरूको दीगो विकासका लागि रणनीतिहरूबारे विचार विमर्श गर्नु, सीमाना राज्यका अधिकारीहरू, केन्द्रियमन्त्रालयहरू र केन्द्रिय सशस्त्र पुलिस बल भेला भएका थिए।

---

## कृषि एजेन्सी – मंगन

कृषि व्यवस्थापन प्रविधि एजेन्सी (AIMA) मंगन जिल्लाले कृषि विज्ञान केन्द्र उत्तर सिक्किमसितको सहयोगमा, हिजो 26 अगस्तका दिन काबी ब्लाँक अन्तर्गत फामताम गाउँमा स्थानीय कोदो खेतीबारे किसान गेष्ठी र Field Day अर्थात खेत दिवसको आयोजना गरयो।

सिक्किमका Millet Man भनि जानिने छिरीङ ग्यात्सो लेप्चा पनि यस कार्यक्रममा विशेष अतिथि संसाधन व्यक्तिको तवरमा उपस्थित हुनुहुन्थ्यो।

---

शुद्ध तोरीको तेल: नाम्ची

सालघारी बहुउद्देशीय सहकारी संस्था लिमिटेड, नाम्चीले आफ्नो ब्रान्ड नाम “Sikkim Harvest” अन्तर्गत शउद्ध तोरीको तेलको उत्पादन सफलतापूर्वक शुरू गरेकोछ । उत्पादन प्रक्रिया – शुद्धता, गुणस्तर र पोषण मूल्य सुनिश्चित गर्न अतयन्त सावधानीपूर्वक गरिएकोछ। यो पहलले सालघारी र नाम्चीको ग्रामीण अर्थतन्त्रका लागि ठूलो महत्व राख्छ ।